# प्रदेश लोक सेवा आयोग
## कोशी, प्रदेश, विराटनगर
## प्रदेश निजामती सेवा अन्तर्गतका प्राविधिक तर्फ प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**यस पाठ्यक्रमको आधारमा निम्नानुसारका चरणमा परीक्षा लिइने छ ।**

**क. प्रथम चरणः लिखित परीक्षा** — **पूर्णाङ्कः ३०**

**ख. द्वितीय चरणः शारीरिक तन्दुरुस्ती परीक्षण** — **पूर्णाङ्कः ५०**

**ग. तृतीय चरणः अन्तर्वार्ता** — **पूर्णाङ्कः २०**

**परीक्षा योजना (Examination Scheme)**

| चरण | परीक्षा | पूर्णाङ्क (१००) | उतीर्णाङ्क (४०) | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | लिखित परीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न X ०.५ अङ्क | ५० मिनेट |
| द्वितीय | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | २५ | प्रयोगात्मक | - | - |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | - | - |

**द्रष्टव्यः**

१. शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाको खण्ड (१) शारीरिक परीक्षण अन्तर्गत तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरूले मात्र दरखास्त फाराम भर्न जानकारी दिई विज्ञापन सूचना प्रकाशित गरिनेछ । शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पूरा नभई परीक्षामा सहभागी भएमा त्यस्तो उम्मेदवारको लिखित परीक्षा स्वतः रद्द हुनेछ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. वस्तुगत बहुबैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

४. लिखित परीक्षामा कुनै पनि प्रकारको क्यालकुलेटर (Calculator), मोवाइल फोन वा अन्य विघुतीय उपकरण प्रयोग गर्न पाइने छैन।

५. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र तथा विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

६. प्रथम चरणको लिखित परीक्षामा न्यूनतम् उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरू मात्र शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा सहभागी हुन पाउने छन्।

७. शारीरिक तन्दुरुस्ती परीक्षण तोकिएको स्थानमा मात्र हुनेछ। शारीरिक तन्दुरुस्ती परीक्षणसँग सम्बन्धित परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन स्रोत उपलब्ध गराउने दायित्व माग गर्ने सम्बन्धित निकायमा रहनेछ ।

८. तन्दुरुस्ती परीक्षामा तोकिएका प्रत्येक इभेण्टहरूमा छनौट हुँदै गई सबै इभेण्टहरूमा सफल भएका उम्मेदवारहरूमध्ये प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को नियम ३२ को अनुसूची-६ मा निर्धारण भए बमोजिमको संख्यामा मात्र तृतीय चरणको अन्तर्वार्ता परीक्षाका लागि छनौट गरिनेछ।

९. प्रथम चरणको लिखित परीक्षाको अङ्क, द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क र अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

१०. यो पाठ्यक्रम आ.व. २०८१/०८२ देखि वन रक्षक पदको पदपूर्तिका लागि प्रकाशन हुने विज्ञापनमा लागु हुनेछ।

**पाठ्यक्रम स्वीकृत मितिः २०८१/९/१९**

**प्रदेश लोक सेवा आयोग**

**कोशी, प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा अन्तर्गतका प्राविधिक तर्फ प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**(क) प्रथम चरणः लिखित परीक्षा**

१. समग्रमा नेपालमा पाइने तथा विशिष्टमा कोशी, प्रदेशमा पाइने वनजंगल, वनस्पति, वन्यजन्तुहरूको किसिम र वन प्रजातिहरूबारे जानकारी

२. समग्रमा नेपालमा पाइने तथा विशिष्टमा कोशी, प्रदेशमा पाइने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको सामान्य परिचय र उपयोगिता

३. वनजंगल संरक्षण तथा वन अपराध नियन्त्रण, वन क्षेत्रमा गस्ती गर्दा ध्यान दिनु पर्ने कुराहरू

४. वन विकाससँग सम्बन्धी प्रचार प्रसारका तरिकाहरू, सामग्री तथा तिनको उपयोगिता

५. वन र वन्यजन्तुजन्य अपराध र यससम्बन्धी लागू हुने कानूनबारे सामान्य जानकारी

६. हिरासतमा रहेका अभियुक्तहरूको बारेमा ध्यान दिनु पर्ने कुराहरू

७. वन मापन, रुख छपान, कटान, मुछान र घाटगद्दी

८. वन पैदावारहरूको ओसारपसार र टाँचा, सील

९. माउ रुख पहिचान, विउ संकलन, नर्सरी कार्य, विरुवा उत्पादन र वृक्षारोपण

१०. वन संरक्षणमा देखिएका मुख्य समस्या/चुनौतीहरू (वन डढेलो, चोरी शिकार, अतिक्रमण र चरिचरण)

११. दुर्लभ तथा प्रतिबन्धित वनस्पति र वन्यजन्तुहरू

१२. वन्यजन्तुहरूको उद्धार र नियन्त्रण

१३. राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र र निजी वन विकास सम्बन्धी जानकारी

१४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको सांगठनिक संरचना

१५. डिभिजन वन कार्यालयहरूको संरचना, कार्यजिम्मेवारी तथा कार्यप्रक्रियाबारे जानकारी

१६. संघीय तथा प्रादेशिक वन ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूको सामान्य जानकारी

१७. प्रदेश निजामती सेवा ऐन, २०७९ तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ सम्बन्धी सामान्य जानकारी

**प्रदेश लोक सेवा आयोग**

**कोशी, प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा अन्तर्गतका प्राविधिक तर्फ प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**(ख) द्वितीय चरणः शारीरिक तन्दुरुस्ती परीक्षणको योजना**

**(क) शारीरिक परीक्षण**

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १. | उचाई | ५ फिट २ इन्च (५' २") | ५ फिट (५') |
| २. | छाती | ३१–३३ इन्च (३१"–३३") | ×–× |
| ३. | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४. | आँखा परीक्षण | + २ देखि - २ भन्दा कमजोर नभएको | + २ देखि - २ भन्दा कमजोर नभएको |
| ५. | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

नोटः प्रथम चरणको शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरूलाई मात्र तन्दुरुस्ती परीक्षामा सहभागी गराइनेछ ।

**(ख) तन्दुरुस्ती परीक्षा**

| सि नं. | परीक्षाका इभेण्टहरू | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०० मि.दौड | २० | यस परीक्षाका इभेण्टहरू शुरु गर्दा सि.नं. १ देखि क्रमशः ४ सम्म गर्नु पर्नेछ । सि.नं. १ अर्थात अगाडिको इभेण्टमा असफल हुने उम्मेदवारहरू त्यसपछिको इभेण्टमा सहभागी हुन पाउने छैनन् । |
| २ | ३००० मि. दौड | २० | |
| ३ | रुख चढ्ने | ५ | |
| ४ | पौडी | ५ | |

**तन्दुरुस्ती परीक्षाको मूल्यांकन विधि**

**पुरुष / महिला**

**(१) २०० मि. दौड**

| विवरण (पुरुष) | अंक | विवरण (महिला) | अंक |
|---|---|---|---|
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६ सेकेन्डभन्दा बढी | असफल | ४२ सेकेन्डभन्दा बढी | असफल |

**(२) ३००० मि. दौड**

| विवरण | अंक | विवरण | अंक |
|---|---|---|---|
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेट सम्म | १५ | १४.१ मिनेट देखि १६ मिनेट सम्म | १५ |
| १४.१ मिनेट देखि १६ मिनेट सम्म | १० | १६.१ मिनेट देखि १८ मिनेट सम्म | १० |
| १६ मिनेटभन्दा बढी | असफल | १८ मिनेटभन्दा बढी | असफल |

**(३) रुख चढ्ने**

| विवरण | अंक | विवरण | अंक |
|---|---|---|---|
| ७ मि. सम्म रुख चढ्ने | ५ | ५ मि. सम्म रुख चढ्ने | ५ |
| ७ मि. सम्म रुख चढ्न नसक्ने | असफल | ५ मि.सम्म रुख चढ्न नसक्ने | असफल |

**(४) पौडी खेल्ने (नदी /नाला, पोखरी, ताल)**

| विवरण | अंक | विवरण | अंक |
|---|---|---|---|
| ४.५ मि. सम्म दूरी पौडी खेली तर्ने | ५ | ३.५मि. सम्म दूरी पौडी खेली तर्ने | ५ |
| ४.५ मि. सम्म पौडी खेल्न नसक्ने | असफल | ३.५ मि. सम्म पौडी खेल्न नसक्ने | असफल |

**प्रदेश लोक सेवा आयोग**

**कोशी, प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा अन्तर्गतका प्राविधिक तर्फ प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर**

**तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**<u>नमूना प्रश्नहरू (Model Questions)</u>**

१. वन स्थापना गर्न, हुर्काउन, सुधार गर्न र त्यसबाट उत्तम उत्पादन प्राप्त गर्नको लागि अपनाइने कला र विज्ञानलाई के भनिन्छ ?

क) वन विकास शास्त्र ख) वन मापन शास्त्र

ग) वन संवर्द्धन शास्त्र घ) वन व्यवस्थापन शास्त्र

२. कोशी प्रदेशका १४ जिल्लाहरूमा कति वटा डिभिजन वन कार्यालयहरू छन् ?

क. १४ ख. १५ ग. १२ घ. १७

३. वन रक्षकले गर्नुपर्ने मुख्य कार्यहरू के हो ?

क. वनजंगलको नियमित गस्ती गरी चोरी निकासी नियन्त्रण गर्ने

ख. सामुदायिक वनको योजना बनाउने

ग. सव डिभिजन वन कार्यालयको रेखदेख गर्ने

घ. डिभिजनल वन अधिकृतको सुरक्षा गर्ने

४. कोशी, प्रदेश स्थित कोशी टप्पु वन्यजन्तु आरक्ष कुन जनावरका लागि प्रसिद्ध छ ?

क. अजिंगर ख. जंगली बंदेल ग.अर्ना घ. गोही

५. तलका मध्ये कुन वन राष्ट्रिय वन होईन ?

क. साझेदारी वन, ख. सामुदायिक वन, ग. नीजि वन, घ. कबुलियति वन

६. वनजन्य अपराधमा मानिस पक्राउ परेमा बाटोको म्याद बाहेक कति समयभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिसक्नुपर्दछ ?

क. तुरन्त ख. २४ घण्टाभित्र

ग. सात दिनभित्र घ. ३५ दिनभित्र

७. कोशी, प्रदेशको तिनजुरे मिल्के जलजले क्षेत्र के को लागि प्रसिद्ध छ ?

क. एभोकाडो ख. गुराँस ग. खोटे सल्लो घ. वन लसुन

८. नेपालमा कुन रुखबाट व्यवसायिक रुपमा खोटो निकाल्ने गरिन्छ ?

क. गोब्रे सल्ला ख. पाटे सल्ला ग. खोटे सल्लो घ. ठिंग्रे सल्लो

९. सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज कुन हो ?

क. बर्दिया रा.नि. ख. पर्सा रा.नि. ग. सगरमाथा रा.नि. घ. रारा रा.नि.

१०. काठ वा खडा रुखमा लगाउने छाप, चिन्ह वा निशाना लाई के भनिन्छ ?

क. सिल ख. टाँचा ग. लाहा घ. छोडपुर्जी